स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नायिका आँचल शर्मा फिल्म 'भिँगेदाउ २'मा अनुबन्धित भएकी छिन् । आँचल र फिल्मका निर्माता तथा निर्देशक ज्ञानेन्द देउजाबिच अभिनय सम्झौता भएको छ । फिल्ममा यसअघि नायिकाको रुपमा केकी अधिकारी पनि जोडिएकी छिन् । फिल्ममा नायक मुकुन भुसाल पनि जोडिएको निर्देशक देउजाले जानकारी दिए । 'भिँगे दाउ'कै सिक्वेलको रुपमा 'भिँगेदाउ २' बन्न लागेको हो । फिल्मको लोकेसन हेर्ने काम पनि चलिरहेको छ ।

**आजको विचार...**



नेपालमा... (दुई पेजमा)

कपिल लोहनी



अभिनेत्री रेखा थापाले 'दोस्रो अध्याय' नामक कार्यक्रम सुरु गर की छन् । उनले आफ्नै अफिसियल युट्युब च्यानलमार्फत उक्त कार्यक्रम सुरु गरेकी हुन् । कार्यक्रम कुराकानीमा आधारित रहेको थापाले बताइन् । उनका अनुसार स्वास्थ्य तथा शिक्षाका विषयमा आधारित रहेर निर्माण भएको कार्यक्रमको पहिलो भाग बिहीबार प्रसारण भएको छ । यो भागमा उनले 'गर्भवती महिलालाई के ज्ञान वा के शिक्षा चाहिन्छ ?'।

❐ वर्ष ३० ❐ अंक ३२७ ❐ २०८२ असार ८ गते आइतबार 22 June 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### झडपमा परी १७ को मृत्यु

(रासस/सिन्ह्वा)

**याउण्डे,** असार ७/चाडको माईयो-कब्बी वेस्ट प्रान्तको ओरेगोमेल गाउँमा बिहीबार साँझ भएको भीषण झडपमा कम्तीमा १७ जनाको मृत्यु भएको छ। ती मध्ये धेरै महिला तथा बालबालिका रहेका छन् । स्थानीय सञ्चार माध्यमले जनाएका अनुसार, झडपमा १६ जना घाइते भएका छन् । झडपमा संलग्न आक्रमणकारीहरूले भाला, कुटा र अन्य हतियार प्रयोग गरेका थिए । सरकारका जनरल डेलिगेट अब्देलमाने खताबले शुक्रबार घटनास्थल पुगेर सुरक्षा व्यवस्था कडाइ गर्न कदम चाल्ने बताए । उनले घटनाको पुष्टि गर्दै यसप्रकारको हिंसालाई रोक्न आवश्यक कदम चालिने बताए । यो घटना चाडले हालै मात्रै राष्ट्रिय सुरक्षा बैठक गरेको केही घण्टा पछि भएको हो । त्यहाँ राष्ट्रपतिले सुरक्षाका विषयमा आपतकालीन बैठक बोलाए । चाडमा पछिल्लो समय हिंसा र झडपहरू बढिरहेको देखिन्छ । मे महिनादेखि नै मुलुकभर ५० भन्दा बढी मानिसको मृत्यु भएको रिपोर्टहरू छन् । प्राय: चाडमा हुने झडपहरू प्राय: जमिन, राजनीतिक मतभिन्नता र जातीय द्वेषका कारण हुने गरेका छन् ।

# योगमा आकर्षण

***साधना केन्द्रहरूमा पछिल्लो समय युवा पुस्ताको आकर्षण बढेको छ । युवासँगै प्रौढ र जेष्ठ नागरिक पनि नियमित योग अभ्यास गर्छन् । पछिल्लो समय बदलिँदो जीवनशैली, खानपान, तनाव, कुलतबाट बच्नको लागि पनि धेरै मानिसहरु योगमा आकर्षित भएका छन् ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार ७/पछिल्लो समय जिल्लामा योग अभ्यासप्रति आकर्षण बढ्दै गएको छ । नियमित योग अभ्यास र साधनाले शारीरिक मानसिक स्वास्थ्य राख्नका लागि सकारात्मक सोचको विकास गर्न सहयोग गर्ने भएपछि युवादेखि वृद्धवृद्धासम्म योगतर्फ आकर्षित हुने गरेका हुन् ।

मानिसको व्यस्त जीवनमा साधारण व्यायाम गरेर आफूलाई शारीरिक रुपमा स्वस्थ राख्नसँगै तनाव व्यवस्थान गर्न सहयोग गर्ने भएपछि विगत दुई वर्षदेखि नियमित योग गर्न थालेको तानसेन नगरपालिका -५ कैलाशनगरकी ४१ वर्षीया मीना खत्री बताउन्छिन् । कामको व्यवस्ता भए पनि हरेक दिन बिहान समय निकालेर योग गर्ने गरेको उनको भनाई छ । बिहानको समयलाई योग र साधनामा



लगाउँदा शारीरिक तथा मानसिक रुपमा स्वस्थ रहन सहयोग पुग्ने गरेको खत्रीले बताइन् । साधनामा लागेको छोटो समयमै धेरै लाभ लिएको उनको अनुभूति छ । "पहिले महिनाबारी नियमित थिएन, रुघा लागिरहन्थ्यो, घाँटीमा धेरै खालका समस्या थिए, योग साधना गर्न थालेपछि बिस्तारै महिनाबारी नियमित हुनुका साथै अन्य समस्या पनि समाधान भएका छन्,"खत्रीले भनिन् । तानसेन भगवतीटोलका ३८ वर्षीय राजेश थापा एक वर्षदेखि बिहान ५ देखि ६ बजेसम्म नियमित योग साधना गर्छन् । नियमित योग गर्दै आएका उनले त्यसअघि देखिएको ढाड, कम्मर दुख्ने समस्या निको भएको बताए । "प्राय: बिहान ६-७ बजेसम्म सुत्छौं, यो राम्रो होइन रहेछ, विहानै उठेर कम्तीमा एक/ दुई घण्टा व्यायाम गर्दा धेरै लाभ लिन सकिने अनुभव गरेको छु," थापाले भने । यहाँ सञ्चालन भइरहेका साधना केन्द्रहरूमा पछिल्लो समय युवा पुस्ताको आकर्षण बढेको छ ।

युवासँगै प्रौढ र ज्येष्ठ नागरिक पनि नियमित योग अभ्यास गर्छन् । उनीहरू बिहान ४ नबज्दै साधना केन्द्रहरूमा भेला हुन्छन् ।

***-बाँकी अन्तिम पेजमा...***

## चितवन सवारी दुर्घटनामा सात जनाको मृत्यु



**हाम्रा संवाददाता**

**चितवन,** असार ७/ पूर्व-पश्चिम महेन्द्र राजमार्गअन्तर्गत चितवनको राप्ती नगरपालिका-४ भण्डारा नजिक खहरे पुलमा शनिबार बिहान बस र माइक्रोबस (ईभी गाडी) एकापसमा ठोक्किँदा सात जनाको मृत्यु भएको छ । धनगढीबाट काँकडभिट्टा जाँदै गरेको प्रदेश १-०१-००१ ख ३५८३ नम्बरको बस र मकवानपुरबाट नारायणगढतर्फ गइरहेको बागमती प्रदेश ०३-००१ ज २९९ नम्बरको माइक्रोबस ठोक्किँदा सात जनाको मृत्यु भएको चितवन प्रहरीले पुष्टि गरेको हो ।

दुर्घटनामा २४ जना घाइते भएका छन् । घाइतेहरूको भरतपुरका विभिन्न चारवटा अस्पतालमा उपचार भइरहेको चितवन प्रहरीले जनाएको छ । मृत्यु हुनेहरुमा मकवानपुर हटिया -३ का ५५ वर्षीय सोमप्रसाद रुपाखेती, मकवानपुर हेटौंडा -५ की ५३ वर्षीया मैंया कुमारी न्यौपाने पहाडी, हाल नामथर वतन नखुलेको अन्दाजी १८/१९ वर्षीया महिला, हाल नामथर वतन नखुलेकी अन्दाजी २४/२५ वर्षीया महिला , हाल नामथर वतन नखुलेको अन्दाजी २२/२३ वर्षीया पुरुष, नामथर वतन नखुलेकी अन्दाजी ३०/३५ वर्षीया गर्भवती महिला,नामथर वतन नखुलेका अन्दाजी ३५/४० वर्षीया पुरुष रहेका छन् । पाँच जनाको घटनास्थलमै र दुई जनाको उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । शव भरतपुर अस्पतालको शव गृहमा राखिएको छ । तीव्र गति र सम्भावित ब्रेक फेलका कारण दुर्घटना भएको हुनसक्ने प्रारम्भिक अनुमान गरिएको छ । घटनाबारे विस्तृत अनुसन्धान भइरहेको चितवन प्रहरी प्रमुख गोविन्द पुरीले जनाएका छन् ।

## नारायणघाट-बुटवल सडकखण्ड राति १० घण्टा बन्द हुने

**नवलपुर (नवलपरासी), असार** ७/पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणघाट बुटवल सडकखण्ड शनिबारदेखि रातिमा १० घण्टा पूर्ण रुपमा बन्द गरिने भएको छ । यस क्षेत्रको दुम्कीबास खण्डमा दुर्घटनाको जोखिम बढेकाले शनिबारदेखि साँझ ७ बजेदेखि बिहान ५ बजेसम्म सडक पूर्ण रुपमा बन्द गर्न लागिएको सडक विभाग आयोजना निर्देशनालय (एडिबी)ले जनाएको छ ।

आयोजना निर्देशनालयका निर्देशक इञ्जिनियर चुडाराज ढकालका अनुसार शुक्रबार जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेको अध्यक्षतामा बसेको बैठकको निर्णयअनुसार रातिको समयमा सडकमा यातायात सञ्चालनमा रोक लगाइएको हो । "निर्माणाधीन नारायणघाट-बुटवलसडकको दुम्कीबासस्थित विनयी खोला पुलको डाइभर्सन सडक वर्षाले बारम्बार बगाइरहेकाले सो स्थानमा



बनेको नयाँ पुल सञ्चालनमा नआउने बेलासम्म रातिमा सडकमा यातायात सञ्चालन बन्द गर्ने निर्णय भएको छ", उनले भने, "यसैगरी दाउन्ने खण्डको केही स्थानमा ग्राबेल राखेर सडक मर्मत गर्ने काम भइरहेकाले दाउन्नेमा सहज रुपमा यातायात सञ्चालन नहुने बेलासम्मका लागि रातिमा सडक बन्द गरिएको हो ।" उक्त सडक खण्डमा ठूला र मालवाहक सवारीसाधन भने चौबिसै घण्टा सञ्चालन गर्न नदिने गरी रोक लगाइएको ढकालको भनाइ छ । ठूला र मालवाहक सवारीसाधनलाई नारायणघाट बुटवल सडकको वैकल्पिक मार्ग प्रयोग गर्न आग्रह गर्दै निर्देशक ढकालले साना सवारीसाधनसमेत सडकको अवस्था हेरेरमात्रै दिउँसोमा यात्रा गर्न सुझाव दिए ।

***-बाँकी अन्तिम पेजमा...***

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## मनसुनी प्रभाव फैलियो, सर्तक रहौं

यस वर्षाको मनसुन प्रणाली शुक्रबारदेखि देशभर फैलिएको छ । मौसम पूर्वानुमान महाशाखाले २३ दिनपछि मनसुन देशभर फैलिएको जनाएको छ । यस वर्षाको मनसुन जेठ १५ गते देशको पूर्वी भागबाट प्रवेश गरी कोशी प्रदेशको अधिकांश भूभागमा विस्तार भएकामा जेठ २९ गते मधेस, बागमती र गण्डकी प्रदेशका केही भाग र लुम्बिनी प्रदेशका पूर्वी क्षेत्रका केही भागसम्म विस्तार भएको थियो । लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा शुक्रबारदेखि मनसुन फैलिएसँगै अब देशभर मनसुन सक्रिय रहेको हो । हाल कोशी, मधेश, बागमती र गण्डकी प्रदेशका केही भाग र लुम्बिनी प्रदेशका पूर्वी क्षेत्रमा मनसुनी वायुको प्रभाव छ । साथै देशका पश्चिम भागमा पश्चिमी र स्थानीय वायुको आंशिक प्रभाव देखिएको मौसम विभागले जनाएको छ । मुलुकको भौगोलिक बनावटअनुसार अध्यधिक र भारी बर्षाको मात्रा र प्रभाव फरक हुने गर्दछ । यस्तो बेला नदी तटीय क्षेत्र, भिरालो भू–भाग र सामान्य वर्षामा पनि डुवान हुने क्षेत्र आसपासमा सर्तकता अपनाउन आवश्यक छ । वर्षाका कारण चुरे र महाभारत क्षेत्र आसपास हुँदै बहने अधिकांश नदी र खहरेमा पानीको बहाव सतर्कता तहसम्म पुग्ने उच्च सम्भावना रहेकाले सर्तक रहनुपर्छ ।

बर्खाको मौसम भएकाले पनि मनसुन सक्रिय हुनु स्वाभाविक नै हो । यसलाई अन्यतथा लिनु हुँदैन। मौसमको गणितीय पूर्वानुमानको नक्साअनुसार देशका अधिकांश भूभागमा वर्षा भइरहेको छ । जसका कारण जनजीवनै अस्तव्यस्त पारेको, बाढी, पहिरो र डुबान भएका समाचारहरु आइरहेका छन् । हुन त यो कुनै नौलो होइन, वर्षेनी हुँदै आएको समस्या हो । मौसम पूर्वानुमान महाशाखाले अझै केही दिन निरन्तर पानी पर्ने भनेकाले पनि थप समस्या सिर्जना हुने अनुमान गर्न गाह्रो छैन । त्यसैले सतर्कता आवश्यक छ । गत वर्ष असारको सुरुमै बाढीपहिरोबाट ठूलो मानवीय क्षति भएको थियो । भौतिक क्षतिको त लेखा जोखै भएन । बाढीपहिरोबाट ठूला योजना तहसनहस भएका थिए । त्यस्ता समस्या यस वर्ष पनि नहोलान् भन्ने छैन् । तसर्थ यस्ता समस्याबाट जोगिन उच्च सतर्कता अपनाऔं ।

### Opinion @ Social Network

लास जलाएर फर्किएको मान्छे त फेरि त्यहि ठाँउमा गएर जल्नु पर्छ भने तिमि के का लागि घमन्ड गर्छौं ।

(सोनम शर्माकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Sonam.Sharma)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा यातायातको अवस्था र मौसमी प्रकोप



कपिल लोहनी

केही दशक अघिदेखि समुद्री तटीय क्षेत्रमा अवस्थित शहरहरूमा आँधीबेहरी र वर्षाको कारण पानी पसेर बेला बेलामा बितण्डा मच्चाउने गरेको कुरा भुपरिवेष्ठित मुलुकका हामीले सुनिरहेका छौं । यदाकथा मनसुनको वर्षाले केही ठूला नदीहरूमा बाढी आउने र पहाडी क्षेत्रमा पहिरो जाने गरेका कुरा पनि हामी सुन्छौं । तर हिजोआज सानो वर्षात्को बेलामा पनि राजधानीलगायत कैयन् शहरहरूमा घरघरमा पानी पस्ने र जलामय बनाइदिने गरेको कुरा सामान्य हुँदै गएको छ । त्यस्तै जलवायु परिवर्तन र उष्ण तापक्रममा वर्षेनी वृद्धि हुँदै जानाले विश्वभरी कै हिउँले ढाकेका क्षेत्रका हिउँ पग्लने क्रम बढेको छ र समुद्रमा पानीको मात्रा बढ्दै जानाले कैयन् समुद्री तटीय क्षेत्र र शहर तथा टापु मुलुकहरूमा पानी पसेर ठूलो भूभाग पानीमा डुब्न थालेको छ । यसो हुँदा केही टापु मुलुकहरूको भौतिक अस्तित्व नै नरहने समेत देखिन्छ । जलवायु परिवर्तन कै प्रभावका कारण हिमालयमा पनि हिउँ अड्न छोडेको छ भने हिमशिखर नांगिँदै काला चट्टान मात्र देखिन थालेका छन् । यसको फलस्वरुप हिमतालहरू सुक्दै गएका छन् भने सुक्ने क्रममा हिउँ पग्लेर ताल फुट्ने र हिमनदीहरूमा अप्रत्याशित विशाल बाढी आउने र त्यसबाट निस्केको पानीले बाटोमा पर्ने सबै बस्ती, संरचना, धनजनलाई सखाप पारेर बगाइदिने जस्ता बितण्डा मच्चाउने क्रम बढ्दो छ । नेपालका कैयन् जलविद्युत केन्द्रहरू समेत यस्ता बाढीको चपेटामा परिसकेका छन् । यो क्रम चलिरहेमा हाम्रो हिमाली क्षेत्र विस्तारै मरुभूमिमा परिणत हुँदै जाने कुरामा कुनै सन्देह छैन । यस्तो कैयौं परिस्थितिको समाधान हाम्रो वशमा छैन भने कतिपय कुरा हाम्रा साना प्रयासबाट पनि रोकिन सक्छन् । वनविनाश हुन नदिनु र वनजंगल र हरियाली बढाउने काम गर्नु, विकासको निम्ति प्रकृतिको विनास नगर्नु यानी कुनै पनि विकास कार्य गर्दा प्रकृतिको कदर गर्न सिक्नु, जनतालाई प्रकृति संरक्षण बारेको शिक्षा दिनु र सरकारी पक्षले पनि त्यस्ता काममा विशेष ध्यान पुऱ्याउनु, विपत्का घटना घटे लगत्तै त्यसको दीर्घकालीन समाधानको उपाय अँगाल्नु र क्षति भएको क्षेत्रको पुनर्निर्माण गर्ने पहलकदमी तुरन्त गर्नु आदि जस्ता काम एक कुशल र जिम्मेवार सरकारको दायित्वभित्रै पर्छ । केही वर्ष अघिदेखि मुलुकका विभिन्न क्षेत्रमा वर्षात्को बेलामा निकै ठूलो स्तरको बाढी आउने तथा पहिरो जाने र धनजनको क्षति हुने गरेका समाचारले सबैलाई दु:खी बनाउने गरेको छ । यस्ता बाढी र पहिरोका कारण नेपालमा बल्ल बल्ल विकास हुन थालेका जलविद्युत केन्द्र, राजमार्ग, पुल तथा पुलेसा र पुरै बस्ती नै सोहोरिएर क्षतिग्रस्त हुने गरेका छन् । मनसुनको बेलामा सडक यात्रुहरूले यात्रा गर्न ठूलो सकस र जोखिम उठाउनु पर्ने अवस्थाको सिर्जना भएको छ । यस्तो अवस्था कुनै एक वर्षमा मात्र नभई प्रत्येक वर्ष आउने गरेको छ । तर पनि कुनै पनि निकायले यो कुरालाई प्राथमिकताका साथ लिएको देखिँदैन । नेपालको भौगोलिक वनोटको कुरा गर्दा निकै अग्ला हिमशिखरको क्षेत्रदेखि उच्च र मध्यम पहाडी क्षेत्र हुँदै भित्री मधेश र मधेशको समथर भूमि बीचको दूरी २५० किलोमिटर भन्दा कम छ । यति साँघुरो दूरीको भूभागमा विश्वकै सर्वोच्च हिमाशिखरदेखि समुद्रको सतहसम्मका समथर भूभाग पर्ने भएकोले एकातिर जलविद्युत र कृषिको निम्ति यो भूमि अति उर्वर छ भने, अर्कोतर्फ यो भूमिको यथोचित व्यवस्थापन गर्न नसकेमा ठूला ठूला दैवीप्रकोपको सामना गर्नुपर्ने अवस्था झन् झन् बढ्दै जाने देखिन्छ । नेपालले आफ्नो यो अति सुन्दर भूमिलाई चिन्न सकेको छैन । कहिलेकाहीं मनमा तर्कना आउँछ कि कुनै विकसित मुलुकले यो भूभाग पाएको भए यसलाई कति उचित व्यवस्थापन गर्दथ्यो होला । भूकम्पीय क्षेत्रमा परेको हाम्रो मुलुकको विगत १,००० वर्षको इतिहास पल्टाएर हेर्‍यो भने कैयन् पल्ट महाभूकम्पको चपेटामा परेर यो क्षेत्र जर्जर भएको हामी पाउँछौं । भूगर्भशास्त्रीहरूको भनाइ अनुसार हिमालय क्षेत्र तथा त्यो भन्दा मुनिका पहाडको पत्थर तथा माटो अति नै नयाँ र सम्वेदनशील छन् । त्यसैले पनि हामीले विकास वा अन्य निर्माण कार्य गर्दा यहाँको भूभागमा कुनै नकारात्मक असर नपर्ने गरी निकै सोचविचार र विस्तृत वातावरणीय अध्ययन गरेर मात्र कामको थालनी गर्नु पर्दछ । तर यसको ठीक विपरित विगत केही दशकदेखि पहाडका रुख कटान गरेर नाङ्गो पार्दै लग्ने, जताततै बुलडोजर र एक्सकाभेटर चलाएर सडक बनाउने तथा बस्ती विकासको नाममा भीरमा पनि प्लटिङ गर्ने जस्ता अनगिन्ती कारणले गर्दा हाम्रा पहाड जर्जर हुँदै गएका छन् । उता महाभारत र चुरे पहाडी श्रृङ्खलाबाट ढुङ्गा तथा बालुवा निकाल्ने कामले तिव्रता पाउने, अधिकांश चारकोशे झाडी फाँडेर बस्ती बसाउने, जताततै कुनै योजनै विना सडक निर्माण गर्ने र पानीका मुहानहरूको ख्यालै नगर्ने, सिमसार जमिन हिनामिना गर्ने जस्ता कुकार्यले गर्दा यस्तो सुन्दर मुलुक दिन प्रति दिन कुरुप हुँदै गइरहेको छ । तर कुनै नेता, दल वा प्रशासकलाई यो कुराको अलिकति पनि फिक्री वा हेक्का भएको देखिँदैन । राणाशासकका दरवार उज्यालो बनाउन र उनका कारिन्दा र केही सम्भ्रान्त परिवारको उपभोगको निम्ति भए पनि नेपालमा फर्पिङ जलविद्युत आयोजनाको निर्माण गरिएको थियो । त्यस्तै तराईको जंगल फँडानी गरेर ठूलो मात्रामा काठ भारतमा निकासी गरेर अकुत धन आर्जन गरेका राणाशासकले त्यहाँको जमीनमा खेती गराएर आम्दानी गर्न तथा आफन्तलाई खुशी तुल्याउन वीरता बाँडे पछि तराई प्राकतिक बनजंगलको हरियालीबाट रुपान्तरित भएर कृषियोग्य जमीन बन्न पुगेको हो । त्यस्तै बेलादेखि केही कच्ची सडक र रेलवे लाइनको पनि निर्माण थालिएको हो । पहाड र हिमालको संरक्षण भइरहँदा सम्म र चुरे तथा महाभारतको दोहन शुरु नहुँदासम्म तराईमा पानीको छेलोखेलो थियो । तर आज आएर धेरै ठाउँमा पानीको अभाव हुँदै गएको छ भने वर्षात्को समयमा भिषण बाढी आउने गरेको छ । जलवायु परिवर्तन कै कारण तराईमा मात्र पाइने कैयन् जंगली जनावर र किराहरू अनि वनस्पती उच्च क्षेत्रमा उक्लन थालेका छन् । २००७ सालपछि शुरु भएको मुलुकको विकास कार्यमा तिव्रता आउनुका साथै बाटोघाटो र कलकारखानाको पनि निर्माण शुरु भयो । तर पछिल्लो केही दशकदेखि भने सडकको विकास तीव्र रूपले भएको भए तापनि प्रकृतिको विनाश पनि त्यही अनुपातमा हुने गरेको छ । बाटोघाटोले ल्याएको समृद्धिसँगै गाउँ गाउँमा कुनै योजना विनाका घरहरूको निर्माण, व्यापार र उद्यमको विकास, सवारी साधनको चाप, वन विनास, जनसंख्या वृद्धि र अप्राकृतिक बसाईंसराइले गर्दा मुलुकमा भौतिक वातावरण र जैविक असन्तुलनता बढ्दै जान थाल्यो । फलस्वरुप हरियाली घट्ने, रैथाने जीवजन्तु लोप हुँदै जाने, प्राकृतिक सुन्दरतामा ह्रास आउने तथा जलवायु परिवर्तनका कारण जीव र वातावरण बीचको तालमेलमा झनै दूरी बढ्दै जाने क्रमको बढोत्तरी हुन थाल्यो । यो सब कारणले गर्दा कृषिमा मुलुकले आत्म-निर्भरता गुमाउन थाल्यो, मुलुकको अर्थतन्त्र आयातमुखी हुँदै गयो, उद्योगधन्दालाई आवश्यक पर्ने कच्चा पदार्थ समेत आयात गर्नु पर्ने हुन थाल्यो भने बढ्दो वेरोजगारीको कारण युवाहरू विदेशमा पलायन हुन थाले । आखिर तिनले पठाएको विप्रेषणमा मात्र मुलुक निर्भर हुन थाल्यो । राम्रै अवस्थामा रहेका बाटाघाटालाई चौडा पार्ने योजनाका साथ अघि बढ्दा पुरै सडक भताभुङ्ग पारेर निर्माण कार्य गर्ने कुसस्कार बढेको छ। चरम ढिलासुस्तीका कारण हात हालेका राजमार्गहरूको एक दशकमा पनि मर्मत र निर्माण सम्पन्न नहुने, भर्खरै बनेका पुलहरू भत्कने र नचल्दै जीर्ण हुँदा तथा कामको जिम्मा लिएका ठेकेदारले विमानस्थल कै कुरा गर्दा यति सानो मुलुकमा चार दर्जनभन्दा बढी विमानस्थल छन् तर अधिकांश या त बन्द छन् या भौतिक पुर्वाधारको कमीले गर्दा त्यति सुरक्षित छैनन् । भएभरका सबै सडक सञ्जाललाई मर्मत गर्ने र चौडा बनाउने नाममा रुग्ण बनाइएको र विकट स्थानमा रहेका विमानस्थलहरू समेत या त सञ्चालन नभएका या खतरापूर्ण अवस्थामा रहेका छन् । महँगो भाडाले गर्दा हवाई यात्रा गर्न सक्ने क्षमता नेपालका अधिकांश आमजनतामा छैन । रेल वा जल यातायातका ठूला ठूला कुरा नेपालीका कानले सुनिरहनु पर्ने भए पनि ती यातायातका साधनको सहज उपभोग आखिर कुन पिँढीको पालामा सम्भव होला भन्ने कुरा समेत हाम्रो कल्पना बाहिर छ । पहाडी राजमार्गका छेउबाट अति भिराला बाटाहरू विना कुनै अध्ययन र अनुमति अप्राकृतिक तवरले नै माथि गाउँतिर लग्नाले पनि जमिन भासिने र पहिरो जाने गरेको छ । मुलुकका सबैजसा पहाडहरूमा डोजर र एक्स्काभेटरले अन्धाधुन्द खन्ने र बाटो बनाउने कामले गर्दा जताततै पहिरो गएको र भित्री माटो जमिनको सतहबाट निस्केर पहाड भरी छरिएका विकराल दृश्यहरू मोटर बाटोबाट होस् वा हवाइजहाजबाट पनि देखिन्छन् । तर सरकारमा बस्नेहरू वा अन्य नेता र प्रशासकले यस्ता कुरालाई अन्देखा गरेर सधैं मुलुकले ठूलो फड्को मारेको कुरा मात्र गर्दछन् । केही दशकअघिसम्म खासगरी पहाडी क्षेत्रका गाउँहरूमा बाटो पुऱ्याउँदा जनश्रमदान मार्फत् ठूला मेसिन विनै सडक खन्ने गरिन्थ्यो । यसो हुँदा वातावरणमा नकारात्मक असर पनि नपर्ने र गाउँघरका मानिसले निर्माण कार्य मार्फत रोजगारी पनि पाउने गर्दथे । नेपालका हिमाली तथा पहाडी विकट विमानस्थलमा यथेष्ट उडानसमेत नभएको परिप्रेष्यमा जनताले सहज तथा सुरक्षित यात्रा कसरी गर्ने हो ? त्यस्तै पर्यटकीय गन्तव्यहरूको विकास प्रसस्त भए पनि ती स्थानको भ्रमणमा नेपाली तथा विदेशीले कसरी जाने हो ? जलविद्युतको उपयोग यातायात तथा उर्जा आवश्यक पर्ने सबै खालका काममा सस्तो र सर्वसुलभ रूपमा कहिले गर्ने वातावरण बन्ने हो र यी र यस्ता यावत कुरा बारे कसले पो सोचिदिने हो ? व्यापारीक प्रयोजनको निम्ति, आवश्यकीय सेवा प्रवाह र सामान ढुवानीको लागि, शिक्षा र स्वास्थ्य परिक्षणको निम्ति जनताले एक ठाउँबाट अर्को ठाउँमा कसरी र कहिलेबाट सहज यात्रा गर्न पाउने हुन् ? यस्ता कुराको जवाफ दिने जमर्को कुन निकायले गर्ने हो भन्ने कुरालाई अन्योलमा नै राखेर सधैं पहिले भन्दा अहिले मुलुकले ठूलो फड्को मारेको धक्कु कहिलेसम्म लगाई राख्ने हो कुन्नि । मुलुकको यातायात सञ्जाल आज विकराल अवस्थामा रहेकोले सम्बन्धित निकायले हाललाई यातायात सम्बन्धी अरु कुनै नयाँ आयोजनाको थालनी नगरेर हात हालेका र विगतका प्रकोपका कारण यात्रा गर्न कठीन, खतरनाक वा असम्भव हुने गरी जीर्ण भएका सडकहरूलाई तत्काल युद्धस्तरमा पुनर्निमाण गर्नु अति जरुरी छ । त्यस्तै वातावरणीय क्षति हुने कुनै पनि आयोजना कार्यान्वयन नगर्ने र आइन्दा हरियाली र वातावरणीय सुधारमा राज्य कडाइका साथ लाग्ने सन्देश र प्रणका साथ सरकार र सम्बन्धित निकायले काम शुरु गर्नु पर्ने र जनतालाई पनि वातावरण संरक्षण बारेको शिक्षा सबै स्तरका निकायमार्फत दिइरहनु पर्ने देखिन्छ । यातायात नै आर्थिक विकास र समृद्धिको मेरुदण्ड भएकोले जुनसुकै सरकार र निकायले महत्वका साथ लिने गरुन् ।

*-डिसी नेपाल डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

- **मेष** : समय आफै अनुकुल बन्दै जानेछ। प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ।
- **वृष** : कार्यकुशलताको सराहना हुनेछ। कुनै कुराले मन आनन्दित बनाउनेछ।
- **मिथुन** : कामले मनमा उत्साह जगाउनेछ। जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ।
- **कर्कट** : नसोचेको काम सम्पादन हुनेछ। छरछिमेकीसँग मनमुटाव सुल्झिनेछ।
- **सिंह** : राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। प्रेम सम्बन्ध सुमधुर रहनेछ।
- **कन्या** : सोधेको कुरामा मात्रै प्रतिक्रिया दिनु उचित होला। कार्यक्षेत्रमा काम गर्नुहोला।
- **तुला** : प्रशंसनीय कार्यले प्रतिष्ठा बढ्नेछ। जीवनसाथीको सहयोग मिल्नेछ।
- **वृश्चिक** : अप्ठ्यारा कार्यको नेतृत्व गर्नुपर्ला। अधिकारि वर्गबाट सम्मान पाइनेछ।
- **धनु** : प्रत्येक कार्यमा सफलता मिल्नेछ। नयाँ नोकरीको प्रयासमा सफलता मिल्नेछ।
- **मकर** : रचनात्मक कार्यमा रुचि बढ्नेछ। भविष्यलाई लिएर कार्य गर्ने दिन रहेको छ।
- **कुम्भ** : आर्थिक पक्षलाई ध्यानमा राखेर कार्य गर्नुहोस्। परीक्षामा सफलता मिल्ला।
- **मीन** : सन्तानलाई लिएर चिन्ता रहनेछ। स्वास्थ लाई लिएर सजग रहनुहोस्।

## कृषि

# प्याजले उचित मूल्य पाएन



चितवनमा उत्पादित प्याजले उचित मूल्य पाउन सकेको छैन । कृषि तथा पशुपन्छि विकास मन्त्रालयले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत व्यावसायिक प्याज प्रवर्द्धन कार्यक्रमअन्तर्गत लगाईएको प्याजले उत्पादनपछि उचित मूल्य पाउन नसकेको हो । तीन पालिकामा लगाइएको प्याज उत्पादन भएर मूल्य नपाउँदा कतिपय किसानले सस्तोमा बेच्न बाध्य भएका छन् । भरतपुर महानगरपालिका-२१ का कृषक बाबुराम धमलाले १६ कठ्ठामा लगाएका प्याजले बजार मूल्य नपाएर बोरामा थन्काउन बाध्य भएका छन । उनले भने, "मैले १८ क्विन्टल प्याज उत्पादन गरेको छु । तर बजारमा मूल्य पाउन सकिन ।" बजारमा मूल्य नपाएर विगत एक महिनादेखि बोरामा राख्न बाध्य भएको उनि बताउन्छन । व्यवसायीले प्रतिकिलो रु २५ भन्दा कममा प्याजको माग गर्ने गरेका धमलाले बताए । लागत मूल्य पनि नउठ्ने भएकाले उचित मूल्य आएपछि बिक्री गर्ने योजना बनाएको उनले बताए । भरतपुर महानगरपालिका-२५ की गीता रानाभाट उत्पादन गरेको प्याज प्रतिकिलो रु २० देखि रु ३० मा बेच्न बाध्य भएको बताउन्छन३ । उनले भने, "भण्डारण गरेर राख्न समस्या भएकाले सस्तोमा बेच्न बाध्य भएका छौँ ।" जिल्लाका २२ वटा समूह, सहकारी र फर्ममार्फत कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो । ती फर्ममा उत्पादित प्याजले बजार भाउ पाउन नसकेको कार्यालयका सूचना अधिकारी रविकिरण अधिकारीले जानकारी दिए । उनले भन "चितवनको १२ हेक्टर क्षेत्रफलमा करिब १२० टन प्याज उत्पादन भएको छ । यहाँ बजार पाउन कठिन भयो ।" आयातित प्याजभन्दा यहाँ उत्पादित प्याजको मूल्य कम हुने, यहाँको प्याजको दाना सानो हुने, फुस्रो हुने हुँदा यहाँ उत्पादित प्याजले बजार र मूल्य पाउन नसकेको उनको भनाइ छ । नेपालमा हुने प्याज आयातलाई न्यूनीकरण गर्न कार्यक्रम गरिएको उल्लेख गर्दै सूचना अधिकारी अधिकारीले यसलाई भण्डारण गर्नसके अन्य समयमा उचित मूल्यसहित बजार पाउन सक्ने बताए । उनले भने, "अहिले तरकारी बजारदेखि कुनै पनि व्यवसायीले नेपाली प्याज लिन मानेका छैनन् ।" प्याज बिक्री नहुँदा कुहिने, उम्रनेजस्तो समस्या देखिन थालेको उनले जानकारी दिए । अहिले देखिएको समस्या समाधानका लागि आगामी वर्षको कार्यक्रममा योजना बनाउने गरी काम भइरहेको अधिकारीले बताए । यहाँको भरतपुर महानगरपालिका, खैरहनी नगरपालिका र राप्ती नगरपालिकामा कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रम लागू गरिएको ठाउँमा रेडक्रियोल र नासिक ५३ जातको प्याजलाई व्यावसायिक खेतीमा प्रयोग गरिएको छ ।

*-इहिमालय टाइम्स डटकम*

# अकबरे खुर्सानीको मूल्य हालसम्मकै उच्च



खोटाङ जिल्ला सदरमुकाम दिक्तेल बजारमा अकबरे खुर्सानीको मूल्य हालसम्मकै उच्च बिन्दुमा पुगेको छ । अहिले प्रतिकिलो अकबरे खुर्सानी रु एक हजारमा बिक्री भइरहेको छ । दिक्तेलका व्यापारीहरूले गाउँका कृषकहरूबाट प्रतिकिलो रु ७०० देखि ८०० सम्ममा खरिद गरी ग्राहकलाई रु एक हजारमा बिक्री गर्ने गरेका छन् । मूल्य महँगो भए पनि स्वादिलो र औषधीय गुण भएको कारण उपभोक्ताले अकबरे खुर्सानी खरिद गरिरहेका छन् । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-४ खाल्लेका इन्द्रबहादुर श्रेष्ठले बेमौसमी अकबरे खुर्सानी खेतीबाट हाल हप्तामा १४/१५ किलो खुर्सानी बिक्री गरिरहेको बताए । उनले यस वर्ष करिब एक हजार २०० बोट अकबरे खुर्सानीको बिरुवा रोपेको र जिल्लामा अकबरे खुर्सानीको माग राम्रो रहेकाले आगामी दिनमा बेमौसमी खेतीलाई थप विस्तार गर्ने योजना रहेको बताए । दिक्तेल बजारमा खाल्ले, बुइपा, बाम्राङ, लफ्याङ, सोल्मा, नेर्पा र दोर्पाका कृषकले उत्पादन गरेका खुर्सानीका साथै तरकारी खपत हुने गरेको छ । व्यावसायिक तरकारी खेती गर्ने सीमित कृषकले राम्रो आम्दानीसमेत गर्दै आएका छन् । जिल्लामा अकबरे खुर्सानीसँगै सबै प्रकारका तरकारी तथा फलफूलको मूल्य पनि हालसम्मकै उच्च बनेको छ । उपभोक्ताहरूले सरकारले कृषकका लागि उपलब्ध गराउँदै आएको अनुदान नेताका नजिकका व्यक्तिले लिने र खेती नगरी फरफारक गर्दा तरकारी तथा फलफूलको मूल्य उच्च भएको गुनासो गरेका छन् । दिक्तेलमा हाल गोलभेडा प्रतिकिलो रु १५०, कन्य च्याउ प्रतिकिलो रु ३००, प्याज प्रतिकिलो रु ९०, आलु प्रतिकिलो रु ६०, बन्दागोभी प्रतिकिलो रु ४० तथा काउली प्रतिकिलो रु १५० मा बिक्री भइरहेको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-२ सोल्माका अगुवा कृषक गङ्गाबहादुर विश्वकर्माले सरकारी अनुदानमा वास्तविक कृषकको पहुँच नपुगेसम्म तरकारीको मूल्य अझै आकाशिने बताए । जिल्लामा उत्पादित फलफूल तथा तरकारीको मूल्य वृद्धि भएपछि तराईका विभिन्न जिल्लाबाट ल्याइएका तरकारी र फलफूलले बजार भरिएको छ । तराईबाट सस्तो मूल्यमा खरिद गरेर ल्याइएका तरकारी तथा फलफूल बिना विषादी परीक्षण खुलेआम बिक्री भइरहँदा सम्बन्धित निकाय मौन रहेकोमा पनि चिन्ता व्यक्त गरिएको छ ।

*-हाम्रा कुरा डटकम*

# जलवायुमैत्री कृषि प्रविधिमार्फत खेती



डुम्रे (तनहुँ) जिल्लाको ऋषिङ र देवघाट गाउँपालिकामा जलवायुमैत्री कृषि प्रविधि कार्यक्रम सुरु गरिएको छ । जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा पर्ने असर तथा प्रभाव न्यूनीकरणका लागि असल कृषि अभ्यास र प्रविधिको अवलम्बन गरी जलवायु अनुकूलन क्षमताको विकास गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो । कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश, जिल्ला समन्वय समिति तनहुँ, कृषि ज्ञान केन्द ऋषिङ गाउँपालिकाको समन्वयमा जलवायसमैत्री कृषि प्रविधि कार्यक्रम सञ्चालन गरिएको छ । ऋषिङ-७ आम्चोकमा २३ घरधुरी जलवायुमैत्री कृषि प्रविधि कार्यक्रममा सहभागी भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । जिल्लाको जलवायुजन्य जोखिमका दृष्टिले तुलनात्मक रुपमा बढी संवेदनशील रहेको क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गरिएको केन्द्रा प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिए । उनले भने, "जलवायु परिवर्तनको असरले खेती प्रणालीमा परेको असरलाई न्यूनीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्यका साथ कार्यक्रम ल्याइएको हो ।" जलवायु परिवर्तनको प्रभाव अधिकांश स्थानमा परेको छ । यस्ता समस्या तथा जोखिमलाई सुहाउँदो उत्पादनमा जोडने प्रयासमा लगानी बढाएको उनले बताए । जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्लेले जलवायुमैत्री कृषि प्रविधि कार्यक्रमको शुभारम्भ गर्दै कम बजेटमा सुरुआत गरिएको खेतीले उत्पादन र उतपादकत्व वृद्धिमा सहयोग पुऱ्याउन सक्नुपर्नेमा जोड दिए । उनले भने, "सिँचाइको समेत अभाव रहेको स्थानमा पम्पिङ गरी ल्याई उपयोग गरिएको छ, कम बजेटमा गर्न सकिन्छ भन्ने शंकाका साथ सुरुआत गरिएको सफल भइरहेको छ, यसले कृषकका साथै हामीलाई प्रेरित गरिएको महसुस भएको छ ।" मौसम अनुकूलको उत्पादनलाई अगाडि बढाउने प्रयास ज्ञान केन्दले गरेको उहाँको भनाइ छ । स्थानीय तहले पनि जलवायु परिवर्तन भइरहेको अवस्थामा सहाउँदो उत्पादन र उत्पादकत्व दिने गरी कृषि प्रणालीको विकास र अवलम्बन गर्न आवश्यक रहेको बताए । उनले भने, "यस्ता कार्यक्रमले निरन्तरता पाउनुपर्छ र यस प्रणालीको अवलम्बन गरी गरिएको खेतीबाट कृषक आयस्तरसँग जोडन सक्नुपर्छ ।" ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले कृषकलाई तालिम, आवश्यकताका आधार पहिचान गरी रोजगार बनाउने योजनासहित अगाडि बढेको बताए । उनले भने, "यहाँ गरिएको खेती नमूना बनाउनेछौं, यो कार्यक्रमलाई प्रभावकारी र नमुना कार्यको रुपमा विकास गर्नेछौं र सबैले हेर्ने तथा आकर्षण गर्ने क्षेत्रका रुपमा विकास गर्नेछाँ ।" कृषि, भूमि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेशका उपसचिव गोविन्द पाण्डेले मौसम परिवर्तनले अत्यधिक वर्षा तथा कम वर्षाको समयमा पनि खेती गर्न सक्ने गरी कार्यक्रम सञ्चालनमा आएको बताए । उनले भने, "जलवायु परिवर्तनमा नै उत्पादन लिने गरी खेतीलाई विकास गर्ने लक्ष्य हो, यहाँ उत्पादनलाई बीउ उत्पादनमा जोडेर प्रदेश सरकारले खरिद बिक्री गरी अन्यत्र प्रवर्द्धन गर्न सकिनेछ ।" जलवायुजन्य प्रकोप तथा जोखिमको अवस्था, समुदायको सामाजिक, आर्थिक अवस्था, भौगोलिक विकटता, खाद्य सुरक्षाको अवस्थाको अध्ययन तथा अनुसन्धान गरी कार्यक्रम सञ्चालनमा ल्याइएको हो । आर्थिक वर्ष २०८१/८२ मा विनियोजित बजेटबाट कार्यक्रम सञ्चालनमा ल्याइएको केन्द्रले जनाएको छ । रु १० लाखको लागतमा लिफ्टिङ र थोपा सिँचाइमार्फत खेती गर्ने गरी जलवायुमैत्री कृषि प्रविधि कार्यक्रम सञ्चालनमा ल्याइएको केन्द्रका सूचना अधिकारी एवं बाली संरक्षण अधिकृत किरण परियारले जानकारी दिए । "चालु आर्थिक वर्षमा ऋषिङ-७ आम्चोक र देवघाट-४ मा यो कार्यक्रम सञ्चालन भइरहेको छ, यसको सुरुआतले कृषकमा उत्साह जगाउन मद्दत पुगेको छ", उनले भने । माटोको स्वास्थ्य प्रवर्द्धनका लागि कोसेबाली उत्पादन प्रवर्द्धन, मिश्रित खेती प्रणाली प्रवर्द्धन, हरियो मल प्रवर्द्धन, गोबर मल तथा गड्यौला मल उत्पादन र प्रयोग, माटो परीक्षणसहित खेती गर्न प्रेरित गर्न सकिन्छ । *-रासस*


## माथागढी गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।

रामप्रसाद घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

बिष्णुमाया लुङ्गचे
उपाध्यक्ष

यमबहादुर चिदी
अध्यक्ष

माथागढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# प्रतिनिधिसभा : रास्वपा र राप्रपाको विरोध जारी



**पाल्पा,** असार ७/रास्वपा र राप्रपाले शनिबार पनि प्रतिनिधिसभा बैठकमा विरोध जनाएका छन् । भिजिट भिसा प्रकरणको छानबिनका लागि उच्चस्तरीय आयोग बनाउन माग राख्दै उनीहरुले विरोध जारी राखेका हुन् ।

विनियोजन विधेयकमाथिको विभिन्न शीर्षकमाथिको छलफलका लागि शनिबार बसेको प्रतिनिधिसभा बैठक सुरु हुने बित्तिकै रास्वपा र राप्रपाले उठेर विरोध जनाएका हुन् । भिजिट भिसा प्रकरण गम्भीर विषय भएकाले यसको छानबिनका लागि उच्चस्तरीय आयोग गठन हुनुपर्ने माग राख्दै दुई दलले निरन्तर सदनमा विरोध जनाइरहेका छन् । दुई दलका सांसदहरूले उठेर विरोध जनाएपछि सभामुख देवराज घिमिरेले रास्वपा सांसद सुमना श्रेष्ठलाई बोल्न समय दिएका थिए । सांसद श्रेष्ठले भिजिट भिसा प्रकरणको छानबिनका लागि उच्चस्तरीय आयोग बनाउन लामो समयदेखि माग गरेपनि जनताको आवाजको सुनुवाइ नभएको बताइन् । बैठकमा सांसदहरूले बजेटका पक्ष-विपक्षमा आफ्ना धारणा व्यक्त गर्नुका साथै समसामयिक विषयमा समेत बोलेका छन् । नेपाली कांग्रेसका नेता एवं पूर्वमन्त्री डा. प्रकाशशरण महतले बजेट कुन मन्त्रालयमा कति विनियोजन भयो भन्नेभन्दा पनि त्यसको प्रभावकारी कार्यान्वयन महत्वपूर्ण रहेको बताए । उनले मुलुकको स्रोत-साधनअनुसार बजेटको बाँडफाँट भएको उल्लेख गर्दै बजेटका उपशीर्षकमा हुने विनियोजन, प्राथमिकीकरण र त्यसको उपयोगको सवाल उठाए । नेपाल कम्युनिस्ट पार्टी ( एमाले) का नेता एवं पूर्वमन्त्री योगेश भट्टराईले बजेट निर्माणमा सहभागितामूलक प्रक्रिया नअपनाइने भएकाले सधैँ समस्या देखिने गरेको भन्दै सातै प्रदेशमा विकास परिषद् गठन गरी छलफल गरेर संघीय बजेटमा समावेश गर्न सके सुधार हुने सुझाव दिए । उनले भिजिट भिसा प्रकरणसम्बन्धी छानबिन र अध्ययन गरी दुई बुँदे कार्यान्वयन गर्न गृहमन्त्रीलाई आग्रह गरे । मन्त्रीहरूले विनियोजनमाथिको छलफललाई प्राथमिकतामा राखी संसद् बैठकमा उपस्थित हुनुपर्ने माग पनि गरे । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का नेता एवं पूर्वमन्त्री शक्तिबहादुर बस्नेतले भूकम्प प्रभावितको पुन:स्थापनाका लागि विनियोजित बजेट न्यून भएको उल्लेख गर्दै यसले प्रभावितलाई तत्काल पुन:स्थापना गर्न कठिन हुने बताए । नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) का नेता एवं पूर्वमन्त्री किसानकुमार श्रेष्ठले प्रभावशाली नेता वा मन्त्रीहरूले आफ्नै क्षेत्रमा मात्र बजेट वृद्धि गर्ने परिपाटीले बजेटमाथिको विश्वसनीयता घटाएको बताए । जनमत पार्टीका नेता एवं सांसद अब्दुल खानले मन्त्रीहरूले आफ्नो क्षेत्रमा मात्र बजेट वृद्धि गर्ने गरेको भन्दै त्यसरी देशको समग्र विकास सम्भव नभएको बताए ।लोकतान्त्रिक समाजवादी पार्टी, नेपालका नेता एवं सांसद रामप्रकाश चौधरीले बजेटमा मधेस प्रदेशलाई उपेक्षा गरिएको टिप्पणी गरे ।

## खेलकुद समाचार

### बेनफिकाले अकल्याण्डलाई ६ गोलले हरायो



**काठमाडौं,** असार ७/बायर्न म्युनिख फिफा क्लब विश्वकपको अघिल्लो चरणमा प्रवेश गरेको छ । समूह चरणको खेलमा अर्जेन्टिनी क्लब बोका जुनियर्सलाई २-१ ले पराजित गर्दै बायर्न नकआउट चरणमा पुगेको हो । बायर्नका लागि ह्यारी केन र माइकल ओलिसेले गोल गरे । बोका जुनियर्सका मिगुएल मेरेन्टिएलले एक गोल फर्काए । समूह 'सी' मा बायर्न २ खेलमा ६ अङ्कसहित शीर्ष स्थानमा छ । यो समूहको अर्को खेलमा पोर्चुगिज क्लब बेनफिकाले न्युजिल्याण्डको अकल्याण्ड सिटीलाई ६ गोलको फराकिलो अन्तरले हराएको छ । योसँगै बेनफिकाको २ खेलमा ४ अङ्क छ । बोका जुनियर्स १ अङ्कसहित तेस्रो तथा समान २ खेलमा खाता खोल्न नसकेको अकल्याण्ड पुछारमा छ । फिफा क्लब विश्वकप अन्तर्गत समूह 'डी' चेल्सीले ब्राजिलियन क्लब फलामेंगोसँग ३-१ को हार बेहोरेको छ ।

## अर्थ/कर्पोरेट समाचार

# रुरुक्षेत्र गाउँपालिका र नागरिक लगानी कोषबिच सम्झौता



**पाल्पा,** असार ७/गुल्मीको रुरुक्षेत्र गाउँपालिका र नागरिक लगानी कोषबिच सम्झौता भएको छ । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको नागरिक पेन्सन योजना सञ्चालनसम्बन्धी सम्झौता भएको हो ।

सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्की र गाउँपालिका अध्यक्ष यदु ज्ञवालीले हस्ताक्षर गरे । कार्यक्रममा कार्यकारी निर्देशक कार्कीले पेन्सन योजनामा सहभागीको रकम सुरक्षित रहने र अवकाशपछि पेन्सन सुविधा पाउने जानकारी दिए । पालिका अध्यक्ष ज्ञवालीले स्थानीय बासीले सहभागिता जनाउने प्रतिबद्धता व्यक्त गरे । सम्झौताअनुसार पालिकाका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कल्याणकारी कोष व्यवस्थापनअन्तर्गत रुरुक्षेत्रद्वारा सञ्चालित स्वयंसेविकाको कल्याणकारी कोषबाट प्रतिस्वास्थ्य स्वयंसेविकाको मासिक आठ सय ३० रुपैयाँ जम्मा गरिनेछ ।

पालिकाबाट सञ्चालित स्वयंसेविका कल्याणकारी कोष व्यवस्थापनअन्तर्गत व्यक्तिगत खाताको रकम वा अन्य कुनै ऋण वा सहुलियत सम्बन्धित व्यक्ति वा हकवालालाई उपलब्ध गराउँदा पालिकाको सिफारिस अनिवार्य चाहिनेछ । योजनामा सहभागी स्वयंसेविका र पालिकाको तर्फबाट जम्मा भएको रकमका आधारमा संकलित रकम एकमुष्ठ वा ६० वर्ष पुगेपछि पेन्सन उपलब्ध गराउनुपर्ने गराउनुपर्ने सम्झौतामा उल्लेख छ ।

# योगमा आकर्षण...

...कम्तीमा २ घण्टा सामूहिक अभ्यास गरेर दैनिकीमा फर्किन्छन् । कुनै किसिमको स्वास्थ्य समस्या आउन नदिन योग साधनालाई निरन्तरता दिएको उनीहरुको भनाई छ । किशोरावस्थादेखि योग साधनामा जुटेका तानसेनका सुरेश श्रेष्ठ योग प्रशिक्षक तथा पतञ्जली योग समिति पाल्पाका अध्यक्ष हुन् । उनले योग साधना सुरु गरेको डेढ दशक नाघिसक्यो । प्राणायाम र ध्यानको सन्तुलन मिलाएर नियमित योग गर्न सके शारीरिक, मानसिक, वैचारिक र बौद्धिक रूपमा स्फूर्त रहने उनको अनुभव छ । "रोग लागेपछि निको हुन योग गर्नुपर्छ भन्ने भ्रम छ, कतिपयले त योग रोगीहरूले गर्छन् भन्छन् । तर रोग निको पार्नुभन्दा पनि लाग्नै नदिने छेकबारको काम योगले गर्छ,' श्रेष्ठ भन्छन् । नैतिकवान्, इमान्दार र आत्मानुशासन कायम गर्नका लागि सबैले योग गर्नुपर्छ भन्ने उनको सुझाव छ । नियमित योग अभ्यासले मानिसलाई शारीरिक तथा मानसिक रुपमा स्वस्थ राख्नसँगै सकारात्मक सोचको विकासका लागि सहयोग गर्ने भएकाले योग सर्वश्रेष्ठ मानिने प्रशिक्षक श्रेष्ठ बताउन्छन् । उनका अनुसार पछिल्लो समय मानिसहरुले खानपिन र जीवनशैलीमा ध्यान नदिँदा अस्वस्थ हुने र खर्च बढने गरेको भन्दै यसलाई हटाउन योगले सहयोग गर्ने बताए । श्रेष्ठले भने 'खानपान र जीवनशैलीका कारण प्राय :मानिसहरुको शरीर भद्दा हुने, अस्तव्यस्त र अस्वस्थ रहने भएकाले आसन, प्राणायम र उचित खानपानको माध्यमबाट स्वस्थ रहन योगले सहयोग गर्छ ।' पछिल्लो समय बदलिँदो जीवनशैली, खानपान, तनाव, कुलतबाट बच्नको लागि पनि धेरै मानिसहरु योगमा लागेको उनी बताउन्छन् । जिल्लामा १७ वटा साधना केन्द्रहरू रहेका छन् । तानसेनमा मात्र ७ वटा केन्द्रहरु सक्रिय रुपमा रहेको पाइन्छ ।

# नारायणघाट–बुटवल...

...चार लेनमा विस्तार भइरहेको यस सडकको दाउन्ने खण्डमा सामान्य पानी पर्दा हिलोका कारण सवारीसाधन सञ्चालनमा कठिनाइ हुँदै आएको छ । त्यस्तै, विनयी खोलामा आउने बाढीले यहाँ निर्माण गरिएको डाइभर्सन बगाउँदा पटकपटक यातायात सञ्चालनमा अवरोध हुने गरेको छ । गत पुस २६ गते दुम्कीवास पुल भाँचिएपछि डाइभर्सनमार्फत यातायात सञ्चालन गरिँदै आएकोमा खोलामा आउने बाढीले बगाउन थालेपछि यहाँ अब डाइभर्सन निर्माण नगरिने भएको छ । गत बिहीबार राति विनयी खोलामा डाइभर्सनबाट जाँदै गरेको बस नै खोलाले बगाए पछि पुन:डाइभर्सन निर्माण नगरिने निर्णय गरिएको जनाइएको छ । जेठको अन्तिम हप्तादेखि लगातार वर्षा भई रहेकाले पटक-पटक डाइभर्सन बगाउने समस्या बढे पछि सो निर्णय गरिएको हो । जिल्लास्थित सरोकारवालाको बैठकबाट खोलाको डाइभर्सनमा थप जोखिम बढेकाले अब नयाँ बन्दै गरेको पुल नै छिटो सञ्चालन गर्ने गरी पर्खने निर्णय गरिएको छ ।

*-रासस*

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५–५२०६०१

## जलवायु परिवर्तनको असरबाट जोगिऔं

**जलवायु परिवर्तनका असर:**

-हिउँ पग्लने र हिमाल नाङ्गा डाँडामा परिणत हुने,
-बाढी, पहिरो र सुख्खा बढ्दै जाने,
-कृषि प्रणालीमा असर पर्ने,
-जैविक विविधताको विनाश हुने,
-वातावरणीय प्रणालीमा प्रभाव पर्ने,
-तापक्रममा बृद्धि हुने,

**जलवायु परिवर्तनबाट बच्न:**

-नवीकरणीय ऊर्जाको प्रयोग गरौं,
-रूख रोपौं वनजंगलको संरक्षण गरौं,
-पुराना सवारी साधनको प्रयोग नगरौं
-जलवायु शिक्षामा जोड दिऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई